आज मिति २०८३।०२।२२ गते शुक्रबारका दिन यस ढकारी गाउँपालिका अध्यक्ष श्री प्रकाश बहादुर साउदको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बस्दा तपसिलको उपस्थितिमा तपसिल बमोजिम निर्णय गरियो ।

तपसिल

(१) श्री प्रकाश बहादुर साउद - अध्यक्ष
(२) श्री नैनकला देवी शाही - उपाध्यक्ष
(३) श्री उमा बहादुर बुढा - वडा अध्यक्ष (वडा नं. १)
(४) श्री चन्द्र बहादुर साउद - " (वडा नं. २)
(५) श्री चन्द्र बहादुर बुढा - " (वडा नं. ३)
(६) श्री पहलवान थापा - " (वडा नं. ४)
(७) श्री कर्ण बहादुर साउद - " (वडा नं. ५)
(८) श्री प्रकाश बहादुर थापा - " (वडा नं. ६)
(९) श्री राम बहादुर थापा - " (वडा नं. ७)
(१०) श्री ध्रुवराज उपाध्याय - " (वडा नं. ८)
(११) श्री पार्वती कुमारी साउद - कार्यपालिका सदस्य
(१२) श्री इन्द्रा देवी शाही - "
(१३) श्री कमला देवी साउद - "
(१४) श्री इन्द्रा देवी बुढा - "
(१५) श्री हस्त बहादुर वि.क. - "
(१६) श्री लाल बहादुर कामी - "
(१७) श्री नरेश बहादुर बोहरा - सदस्य सचिव / प्र.प्र.अ.

आमन्त्रित

(१८) श्री बिमल साउद - लेखा अधिकृत
(१९) श्री प्रवीन प्रसाद रिमाल - प्रशासन शाखा प्रमुख
(२०) श्री पदम बहादुर बुढा - कृषि विकास शाखा प्रमुख
(२१) श्री गौतम बिष्ट - पूर्वाधार शाखा प्रमुख

## प्रस्तावहरु

प्रस्ताव नं.१.राजस्व परामर्श समितिको निर्णय अनुमोदन सम्बन्धमा।

प्रस्ताव नं.२.प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को कार्यसूची स्वीकृत गर्ने सम्बन्धमा।

प्रस्ताव नं.३. किसान पहिचान र बर्गिकरण अन्तर्गत विनियोजन सशर्त अनुदानको खर्च स्वीकृत गर्ने सम्बन्धमा।

प्रस्ताव नं.४. पाठ्यपुस्तक खरिद तथा छपाई सम्बन्धमा।

प्रस्ताव नं.५. काज फिर्ता सम्बन्धमा।

प्रस्ताव नं.६. बजेट व्यवस्थापन सम्बन्धमा।

प्रस्ताव नं.७. टोल भेला गर्ने सम्बन्धमा।

## निर्णयहरु

निर्णय नं.१. प्रस्ताव नं. १ माथि छलफल गर्दा आ.व. २०८३/८४ का लागि राजस्व परामर्श समितिको मिति २०८३/१२/१८ गतेको निर्णय अनुमोदन गर्ने निर्णय सर्वसहमतिमा पारित गरियो।

निर्णय नं.२. प्रस्ताव नं.२ माथि छलफल गर्दा ढकारी गाउँपालिका वडा नं. १ र ३ मा प्रस्तावित बुढासेन खेल मैदानको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) को कार्यसूची प्रतिवेदनलाई स्वीकृत गर्ने निर्णय सर्वसहमतिमा पारित गरियो।

निर्णय नं.३. प्रस्ताव नं.३ माथि छलफल गर्दा यस ढकारी गाउँपालिका कृषि विकास शाखाको आ.व. ०८२/०८३ को बार्षिक स्वीकृत किसान सुचिकरण कार्यक्रम अन्तर्गत सशर्त अनुदान स्वरुप यस पालिकामा रु.१,००,०००।– (एक लाख) विनियोजन भएकोमा खर्च गर्ने स्पष्ट खर्च विवरण नखुलेकोले कृषि शाखाबाट पेश भई आएको कार्यक्रम, परिमाण र रकम स्वीकृत गरी सोही बमोजिम कार्यक्रम संचलान गर्ने निर्णय सर्वसहमतिमा पारित गरियो।

निर्णय नं.४ प्रस्ताव नं.४. माथि छलफल गर्दा यस ढकारी गाउँपालिका अन्तर्गत सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरुका लागि स्थानीय पाठ्यपुस्तक निर्माण तथा छपाईका लागि सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ बमोजिम पेश हुन आएका दररेट पाठ्यक्रम विकास केन्द्रको स्वीकृत मूल्य भन्दा बढि हुन आएको र स्थानीय पाठ्यपुस्तक छपाई गर्न कार्यक्रम

CamScanner

कार्यान्वयन कार्यविधि २०८२/२०८३ बमोजिम अपुग भएमा स्थानीय तहको साझेदारीमा खर्च गर्न सकिने व्यवस्था रहेकोमा पालिकामा समेत स्रोतको अभाव भएकोले हाललाई सोही सशर्त अनुदानबाट नै खर्च गर्ने निर्णय सर्वसहमतिमा पारित गरियो।

निर्णय नं.५ प्रस्ताव नं.५. माथि छलफल गर्दा यस ढकारी गाउँपालिका वडा नं. ७ स्थित पशुपति जनकल्याण आ.वि. मा काजमा खटाईएका शिक्षक श्री शान्ति भुसालको काज अवधि समाप्त भएकोले निजलाई साविक श्री त्रिपुरेश्वरी आ.वि. थारम वडा नं. ७ मा काज फिर्ता गर्ने निर्णय सर्वसहमतिमा पारित गरियो।

निर्णय नं.६ प्रस्ताव नं.६. माथि छलफल गर्दा भैसी खर्क पानीपडा मुलखोला मुल सुधार खानेपानी योजनाका लागि अपुग भएको रु.२,१०,०००।– (दुई लाख दश हजार) रकम गाउँपालिका समपुरक कोष खर्च शिर्षकबाट रकमान्तर हुने गरी तथा राष्ट्रपति रनिङ शिल्डमा विद्यार्थी खेलाडी पोशाक को रकम अन्य कार्यालय सञ्चालन शिषर्कबाट रकमान्तर गरी बजेट व्यवस्थापन गर्ने निर्णय सर्वसहतिमा पारित गरियो।

निर्णय नं.७ प्रस्ताव नं.७ माथि छलफल गर्दा यस ढकारी गा.पा. को आ.व. २०८३/०८४ को बजेट निर्माण प्रक्रिया अन्तर्गत योजना/कार्यक्रम प्राथमिकीकरण प्रयोजनका लागि हरेक वडामा टोल भेला गरी रु. ५,००,०००।- (पाँच लाख) वा सो भन्दा माथिका योजना/कार्यक्रमहरू मिति २०८३-३-१ गते भित्र योजना तथा कार्यक्रम तर्जुमा समितिमा कानून बमोजिम पेश गर्नुपर्ने र अवधि पश्चात पेश भएका कार्यक्रम/योजनाहरू प्राथमिकता भित्र नपर्ने निर्णय सर्वसहमतिमा पारित गरियो।